वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

SEROPHERO

## १३औं दीक्षान्त समारोह विशेषाङ्क - २०८१




### प्रतिष्ठानको १३औं दीक्षान्त समारोह भव्यतापूर्वक सुसम्पन्न

सम्माननीय प्रधानमन्त्री एवम् प्रतिष्ठानका कुलपति केपी शर्मा ओलीज्यूको अध्यक्षतामा तथा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलज्यूको समुपस्थितीमा वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको १३औं दीक्षान्त समारोह भव्यतापूर्वक सुसम्पन्न भएको छ। प्रतिष्ठानबाट उच्च शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई दीक्षित गर्न प्रतिष्ठानबाट वार्षिक रुपले आयोजना गरिने गरेको दीक्षान्त समारोह विभिन्न कारणले लामो समय देखि हुन सकेको थिएन । सन् २०१६ मा १२औं दीक्षान्त समारोह सम्पन्न भए पश्चात् पदाधिकारीज्यूहरुको अथक प्रयास पश्चात् मिति २०८१ कार्त्तिक २६ गते सोमबार तदनुसार ११ नोभेम्बर, २०२४ का दिन भव्यतापूर्वक सुसम्पन्न भएको हो । समारोहका मुख्य अतिथि छिमेकी मित्रराष्ट्र भारतका प्रा.डा. ज्योतिर्मोय पँल हुनुहुन्थ्यो । वहाँ एसोसिएसन अफ फिजिसियन अफ इण्डियाका वर्तमान अध्यक्ष तथा भारतका सुविख्यात शिक्षाविद् हुनुहुन्छ। वहाँ इण्डियन कलेज अफ फिजिसियनका निवर्तमान डीन

तथा वेष्ट बेङ्गाल यूनिभर्सिटी अफ हेल्थ साइन्सेजका काउन्सिल मेम्बर समेत हुनुहुन्छ ।




सर्वप्रथम, दीक्षान्त मण्डपमा एकातर्फको रोष्टमबाट उभिएर नेपाली भाषाका उद्घोषक उपकुलपति सचिवालयका का.मु. अधिकृत श्री गौरब संज्याल तथा अर्कोतर्फको रोष्टमबाट अंग्रेजी भाषाकी उद्घोषीका डा. नितु जैनले प्रतिष्ठानको शैक्षिक क्रियाकलाप तथा दीक्षान्त समारोहको संक्षिप्त पृष्ठभूमी सहित दीक्षान्त प्रोसेशनका लागि अनुरोध गर्दै










क्रमागत रुपमा नाम उद्घोष गरे पश्चात् विभागीय प्रमुख तथा प्राध्यापकहरु, स्कूल/कलेजका चिफहरु, सहायक डीनहरु, सहायक अस्पताल निर्देशकहरु पंक्तिबद्ध भई पण्डाल भित्र आएर आ आफ्नो स्थानमा आसन ग्रहण गर्नु भएको थियो ।






तत्पश्चात् पुनः उद्घोषकद्वयले दीक्षान्त प्रोसेशनका लागि अनुरोध गर्दै नाम उद्घोष गरेसँगै प्रोसेशनको क्रम अनुसार प्रतिष्ठानका संचालक परिषद् सदस्यज्यूहरु, प्रतिष्ठानका पदाधिकारीज्यूहरु हुँदै प्रष्ठिानका सहकुलपति एवम् स्वास्थ तथा जनसंख्या मन्त्रीज्यू, प्रमुख अतिथिज्यू तथा अन्त्यमा दीक्षान्त समारोहका अध्यक्ष, प्रतिष्ठानका

कुलपति एवम् सम्माननीय प्रधानमन्त्रीज्यू क्रमबद्ध रुपमा ग्रेसहलबाट मार्चपास गर्दै आएर दीक्षान्त मण्डपमा आसन ग्रहण गर्नु भएको थियो ।







उक्त प्रोशेसनको क्रममा उपस्थित सम्पूर्णले आ आफ्नो आसनबाट उठेर तालि बजाई स्वागत तथा सम्मान गरेका थिए ।



तत्पश्चात् औपचारिक रुपमा प्रतिष्ठानका रजिष्ट्रारज्यूले दीक्षान्त समारोहको कार्यक्रम संचालन गर्नु हुँदै राष्ट्रिय गान, बटुकहरुबाट स्वस्ति वाचन हुँदै प्रतिष्ठानका विद्यार्थीहरुबाट सरस्वती वन्दना स्तुती गर्दै कार्यक्रमको प्रारम्भ भएको थियो ।



कार्यक्रमको प्रारम्भ सँगै सम्माननीय प्रधानमन्त्रीज्यूले दीप प्रज्ज्वलन गरी समारोहको विधिवत उद्घाटन गर्नु भएको थियो । सन् २०१८ को एम.बि.बि.एस. समूहमा उच्चतम अङ्क प्राप्त गर्ने छात्रा सुस्मिता खड्का क्षेत्रीले उक्त दीप प्रज्ज्वलनमा सहयोग गर्नु भएको थियो ।



उक्त समारोहमा दीक्षित हुन आएका विद्यार्थी र वहाँहरुका अभिभावकका साथै प्रतिष्ठानको स्कूल, बिभाग, महाशाखा, शाखाका प्रमुख लगायत अधिकृतहरु, वार्डका प्रमुखहरु लगायत नर्सिङ्ग अधिकृतहरुको उपस्थिति रहेको थियो ।

त्यसैगरी, प्रतिष्ठान बाहिरबाट संघीय सांसद, प्रदेश सभाका उपसभामुख लगायत प्रदेश सभा सदस्यहरु, धरान उपमहानगरपालिकाका मेयर, उपमेयर, प्रशासनिक पदाधिकारी लगायत वडा अध्यक्षहरु, कोशी प्रदेश भरिका सुरक्षा निकायका पदाधिकारीहरु लगायत सुरक्षाकर्मीहरु, सरकारी निकायका प्रमुखहरु, स्वास्थ्य संस्थाका प्रमुखहरु, राजनैतिक व्यक्तित्वहरु, सामाजिक अगुवाहरु, लब्ध प्रतिष्ठित व्यक्तित्वहरु, पत्रकारहरु आदि गरी ३ हजार भन्दा बढीको सहभागिता रहेको थियो ।



दीप प्रज्ज्वलन पश्चात प्रतिष्ठानका उपकुलपति डा. ज्ञानेन्द्र गिरीज्यूले स्वागत मन्तव्य दिनु भएको थियो । वहाँले मन्तव्यको प्रारम्भमा "वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको यस गरिमामय समारोहको अध्यक्षता गरिरहनु भएका सम्माननीय प्रधानमन्त्री तथा प्रतिष्ठानका कुलपति केपी शर्मा ओलीज्यू, माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री एवम् प्रतिष्ठानका सहकुलपति प्रदीप पौडेलज्यू, यस दीक्षान्त समारोहका प्रमुख अतिथि तथा दीक्षान्त समारोहलाई विशेष सम्बोधन (Key Note Speech) का लागि प्रतिष्ठानको निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका शिक्षाविद्, एसोसियन अफ फिजिसियन, भारतका अध्यक्ष प्रा.डा. ज्योतिर्मोय पँलज्यू, प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजिब कुमार शर्माज्यू, प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू, प्रतिष्ठानका अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यू, प्रतिष्ठान संचालक परिषद्का विद्वत् सभासदज्यूहरू, संघीय संसद एवम् प्रदेश सभाका माननीय सदस्यज्यूहरू, प्रतिष्ठानका पूर्व उपकुलपतिज्यूहरू एवम् पदाधिकारीज्यूहरू, प्रतिष्ठान परिवारका

सदस्यज्यूहरू, पत्रकारज्यूहरू, सुरक्षाकर्मीज्यूहरू, प्रतिष्ठानको निमन्त्रणालाई स्वीकार गरी यस समारोहमा सहभागिता जनाउनु हुने भद्र महिला तथा सज्जनवृन्द महानुभावहरू, आज दीक्षित हुने प्यारा विद्यार्थी तथा अभिभावकज्यूहरू" भनि सम्बोधन गर्दै "वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको १३औं दीक्षान्त समारोहको यो विशेष कार्यक्रममा प्रतिष्ठान परिवारको तर्फबाट यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दछु" भन्दै उपस्थित सम्पूर्ण लाई स्वागत गर्नुभयो ।



तत्पश्चात् वहाँले दीक्षित हुने विद्यार्थीहरुलाई सम्बोधन गर्दै उक्त दिन हामी सबैका लागि विशिष्ट दिन भएको र हामीले आफ्नो सफलतामा खुसी मनाउने र आफूले गरेका कामका बारेमा चिन्तन गर्ने क्षण पनि भएको बारे बताउनु भयो साथै दीक्षित हुने विद्यार्थीहरुको सफलताका लागि योगदान पुर्‍याउनु हुने माता पिता, गुरु तथा समाजले प्रदान गरेको हौसला प्रति सदैव आभारी हुन आग्रह समेत गर्नुभयो । समाजमा विद्यमान असमानता, पछौटेपन, गरिबी र अन्यायका विरुद्ध लागि रहन, आफुले प्राप्त ज्ञान, सीप र दक्षता मानव सेवा र कल्याणका लागि उपयोग गर्न, आफुले अध्ययन गरेको पवित्र संस्था वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको आदर्श, मूल्य र मान्यताको जगेर्नामा सदा सर्वदा निष्ठापूर्वक लागि रहनुका साथै भविष्यमा आइपर्ने हरेक चुनौतिको डटेर सामना गर्न, मातृभूमि नेपालको शिर उच्च राख्ने अभियानमा सदैव समर्पित हुन दृढ संकल्पित रहन समेत वहाँले विद्यार्थीहरुलाई आग्रह गर्नुभयो ।



नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री प्रजातान्त्रिक समाजवादका स्वप्नदर्शी स्वर्गीय विश्वेश्वर प्रसाद कोइरालाको चिर पुण्य स्मृतिलाई अक्षुण्ण राख्ने उद्देश्यका साथसाथै देशको स्वास्थ्य क्षेत्रलाई क्रमशः सरल र सर्वसुलभ ढंगले स्तरीय चिकित्सा एवम् स्वास्थ्य सेवा प्रदान गर्न चिकित्सा एवम् स्वास्थ्यसँग सम्बन्धित शैक्षिक कार्यक्रमहरूको उच्च गुणस्तरीय अध्ययन, अध्यापन र अनुसन्धानात्मक कार्यलाई प्रवर्द्धन गर्न वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ मा व्यवस्था भए अनुरुप नेपाल र भारत दुई देश बीचको आपसी सम्बन्ध र मित्रताको प्रतीकका रुपमा रहेको यस प्रतिष्ठानले स्वास्थ्य जनशक्तिको उत्पादन, स्तरीय स्वास्थ्य सेवा सञ्चालन गरी निर्दिष्ट लक्ष्य प्राप्त गर्न विगत ३१ वर्षदेखि दृढताका साथ अगाडि बढिरहेको ब्यहोरा उपकुलपतिज्यूले सगौरव अवगत गराउनु भएको थियो ।

मूलभूत रुपमा चिकित्सा शिक्षा, स्वास्थ्य अनुसन्धान र स्वास्थ्य सेवा प्रदान गर्ने तीन उद्देश्यहरू सहित स्थापित नेपालमा एक मात्र Non-practicing Institute को रुपमा संचालित यस प्रतिष्ठानमा हाल अध्ययन अध्यापन भई रहेका संकायहरुमा स्नातक तहमा MBBS, BDS, B.Sc. Nursing, B.Sc. Midwifery, B.Sc. MIT., B.Sc.MLT, B.Sc. Perfusion Technology , स्नातकोत्तर तहमा MD/MS, MDHA, MDS, M.Sc., M.Sc. Nursing, MPH तथा सो भन्दा माथिल्लो तहमा PhD, Fellowship, DM/MCh सम्मको अध्ययन अध्यापन हुने गरेको छ ।

जानकारी गराउने क्रममा उपकुलपतिज्यूले प्रतिष्ठानले हालसम्म विभिन्न विषयमा ५४९७ जना जनशक्ति उत्पादन गरेको जसमध्ये PhD मा २ जना DM/MCh मा २९ जना, MD/MS मा १३९४ जना, MDHA मा ४ जना, MDS मा १३० जना, Fellowship मा ११ जना, M.Sc. Basic Sciences मा ३३२ जना, MPH मा १८९ जना उत्पादन गरेको बारे बताउनु भयो । त्यसै गरी, MBBS मा १८८९ जना, BDS मा ७९३ जना, B.Sc. Nursing मा ४६० जना, BN मा ५६ जना, B.Sc. MLT मा ९६ जना, B.Sc. MIT मा ११२ जना तथा Certificate Nursing मा ५५३ जना र Certificate in Operation Theatre and Allied Sciences Technology मा ४८ जना, B.Sc. OT & AS मा ८ जना रहेको बारे बताउनु भयो । सँगसँगै हाल प्रतिष्ठानमा ८४३ छात्र र ७९८ छात्रा अध्ययनरत रहेको र जसमध्ये स्वदेशी विद्यार्थी १५५८ र विदेशी विद्यार्थी ८३ जना गरी जम्मा १६४१ विद्यार्थीहरू अध्ययनरत रहेको बारे बताउनु भयो ।



प्रतिष्ठानको शैक्षिक पाटो तर्फको जानकारी गराउने क्रमको अन्त्यमा दीक्षित हुन सहभागी हने विद्यार्थीहरू बारे बताउदै PhD मा १ जना, DM/MCh मा ७ जना, MD/MS मा

१९९ जना, MDHA मा २ जना, MDS मा ४३ जना, M.Sc. Nursing मा ७३ जना, M.Sc. Basic Sciences मा १ जना, MPH २६ जना, MBBS मा १३२ जना, BDS मा १०० जना, B.Sc. Nursing मा ५७ जना, B.Sc. MLT मा १ जना र B.Sc. MIT मा १५ जना गरी जम्मा ६५७ जना विद्यार्थीहरू रहेको अवगत गराउनु भयो ।




त्यसैगरी, उपकुलपतिज्यूले प्रतिष्ठानले दिँदै आएको सेवा सम्बन्धी जानकारी गराउँदै प्रतिष्ठानले नेपालको कोशी प्रदेश र मधेश प्रदेश लगायत छिमेकी मित्र राष्ट्र भारतको सिमावर्ती क्षेत्र विहार र पश्चिम बङ्गालका साधारण जनतालाई समेत गरी दैनिक ३५०० देखि ४००० जनासम्म बिरामीहरूलाई गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आएको बारे बताउनु भयो ।

प्रतिष्ठानको उपलब्धिमूलक केही महत्वपूर्ण कार्यहरू बारे प्रकाश पार्ने क्रममा शुरुवातमा १५० शैंय्याको अस्पतालबाट विकास एवम् विस्तार हुँदै हाल प्रतिष्ठानमा ९१३ शैंय्या सञ्चालनमा रहेको, मुटु रोगको उपचारका लागि Cath Lab एवम् मुटुको शल्य चिकित्सा सेवा उपलब्ध रहेको, ICU Bed को कमी भएबाट विरामी उपचारमा अप्ठ्यारो परिस्थिति श्रृजना भई सो को समाधानका लागि ३२ बाट हाल ४२ बेड थप गरी ७४ ICU Bed बनाइएको साथै डायलासिस सेवाका लागि २० वेड थप भई सञ्चालनमा ल्याइएको बारे आफ्नो मन्तव्यमा अवगत गराउनु भयो ।

त्यसैगरी, उपकुलपतिज्यूले इमर्जेन्सी सेवाको स्तरोन्नती गरिएको, बन्द रहेको प्रतिष्ठानको फार्मेसी सेवा सुचारु गरिएको र फार्मेसीका लागि छुट्टै भवन निर्माण कार्य समेत लगभग सम्पन्न भई हस्तान्तरण हुने क्रममा रहेको जानकारी गराउनु भयो ।

रेडियोलोजी सेवा तर्फ जानकारी गराउँदै नेपालमै दोस्रो र उपत्यका बाहिर पहिलो अत्याधुनिक प्रविधिको २५६ स्लाइसको CT Scan मेसिन खरीद एवम् जडान भइ सञ्चालनमा रहेको र ३ टेस्लाको MRI मेसिन खरिदका लागि प्रतिष्ठानले बैंक ऋण लिएर वा Public Private Partmership (PPP) Model मा भए पनि MRI मेसिन जडान गर्ने प्रक्रिया अगाडि बढाइ सकिएको बारे उपकुलपतिज्यूले बताउनु भयो । त्यसैगरी, बीस हजार लिटरको Liquid Oxygen Tank जडान भई सञ्चालनमा रहेको, ३० वटा नयाँ Electrical Dental Chair खरीद एवम् जडान भई सञ्चालनमा ल्याइएको बारे अवगत गराउनु भयो ।

जानकारी दिने क्रममा वहाँले ४ सय शैंय्याको Maternity & Child Health Centre सम्पन्न हुने अवस्थामा रहेको र सो भवनमा Oncology, Cardiology Centre पूरा नहुन्जेलसम्म क्यान्सर तथा मुटु रोग उपचार सेवाका लागि आवश्यक न्यूनतम शैंय्या छुट्याई सञ्चालनमा ल्याउने योजना रहेको बताउनु भयो । यसै विषयलाई जोड्दै वहाँले थप्नु भयो - "क्यान्सर रोगको उपचारका लागि २०० बेडको Oncology Centre र मुटु रोगको उपचारका लागि २०० बेडको Cardiology Centre निर्माणका लागि प्रतिवेदन तयार पारी संचालक परिषद्को आगामी बैठकबाट प्रक्रिया सुचारु गर्न बजेट सुनिश्चितताका लागि नेपाल सरकारसँग आवश्यक पहल गरिएको छ।"



काठमाण्डौ बाहिर नेपालमा पहिलो पटक Burn Centre को स्थापना भई सञ्चालनमा ल्याउने तयारी भईसकेको र यथाशिघ्र सञ्चालन हुने अवस्थामा रहेको बताउँदै प्रतिष्ठान अस्पताल सेवा लगायत अन्य कार्यहरू समेत Paperless गर्ने उद्देश्यले Digitalization का लागि भारत सरकारको सहयोगमा Integrated Software जडानका लागि आवश्यक पहल भइरहेको समेत जानकारी गराउनु भयो ।

प्रतिष्ठानको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार सम्बन्धी जानकारी दिने क्रममा वहाँले बेल्जियम स्थित Institute of Tropical Medicine, Antwerp संस्थासँग कालाजार रोग नियन्त्रण र निवारणमा पुन: ५ वर्षको लागि सम्झौता नवीकरण गरिएको र अनुसन्धनात्मक गतिविधि एवम् शैक्षिक उन्नयनका लागि नेदरल्याण्डस्को Maastricht University सँग सहकार्य गर्नका लागि Bilateral सम्झौता नवीकरणको प्रक्रिया अगाडि बढाइनुका साथै London को Bolton University सँग शैक्षिक तथा अनुसन्धात्मक सहकार्यका लागि द्विपक्षीय MoU गर्ने सहमति भएको बारे पनि अवगत गराउनु भयो ।



आफ्नो मन्तव्यको अन्त्यतिर बढ्दै गर्दा उपकुलपतिज्यूले भन्नु भयो - "चिकित्सा शिक्षा र अस्पतालको स्वास्थ्य सेवामा उल्लेखनीय सुधार गर्नुपर्ने तथा प्रतिष्ठानको समग्र शैक्षिक, अनुसन्धानात्मक, अस्पताल सेवा, प्रशासनिक एवम् आर्थिक स्तरोन्नतिका लागि महत्वपूर्ण कदमहरू चाली ठोस कार्यहरू गर्नुपर्ने आजको आवश्यकता रहेको छ । तसर्थ प्रतिष्ठानको विकास र विस्तारमा सम्बद्ध सबै सरोकारवाला निकायहरूलाई आ-आफ्नो स्थानबाट महत्त्वपूर्ण भूमिका निर्वाह गरिदिन हुनका लागि हार्दिक आह्वान गर्दछु"

वहाँले अगाडी जोड्नु भयो - "प्रतिष्ठानको कार्यक्षेत्र एक ठाउँमा मात्र एउटा साँघुरो दायरा भित्र सीमित नराखी यसलाई विश्वविद्यालयका रुपमा रुपान्तरण गर्दै चिकित्सा तथा स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरूलाई दुर्गम क्षेत्रमा समेत विस्तार गर्न वर्तमान ऐनलाई प्रतिस्थापन गरी वी.पी. कोइराला स्वास्थ्य विज्ञान विश्वविद्यालय (B. P. Koirala University of Health Sciences) सम्बन्धी ऐनको व्यवस्थाका लागि सम्माननीय कुलपति एवम् सहकुलपतिज्यूलाई सादर अनुरोध गर्दछु।"

अन्त्यमा, आफ्नो मन्तव्य टुंग्याउने क्रममा उपकुलपतिज्यूले भन्नुभयो - "प्रतिष्ठानका कुलपति सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूलाई आफ्नो अमूल्य समय खर्चिनु भई दीक्षान्त समारोहको अध्यक्षता गरी प्रेरणा एवम् मार्गदर्शन प्रदान गर्नु भएकोमा प्रतिष्ठानको सम्पूर्ण परिवारको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु र त्यसैगरी सहकुलपति माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलज्यूलाई यस अवसरमा उपस्थित हुनुभई निर्देशनात्मक विचार दिनु भई कार्यक्रमलाई भव्यता प्रदान गर्नु भएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु"

उपकुलपतिज्यूले प्रमुख अतिथि, एसोसियन अफ फिजिसियन भारतका अध्यक्ष एवम् शिक्षाविद्, प्रा.डा. ज्योतिर्मोय पँलज्यूलाई सबैका तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्नु भयो भने उक्त समारोहमा उपस्थिति जनाइ दिनुहुने संघीय सांसद् एवम् प्रदेश सभाका माननीय सांसद्ज्यूहरू, प्रतिष्ठान सञ्चालक परिषद्का सदस्य महानुभावज्यूहरू, अभिभावकज्यूहरू, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका परिवार र आमन्त्रित महानुभावज्यूहरूलाई प्रतिष्ठान एवम् स्वयंको तर्फबाट पुनः एक पटक हार्दिक स्वागत तथा धन्यवाद ज्ञापन गर्नुका साथै दीक्षित हुने विद्यार्थीहरूलाई पुनः हार्दिक बधाई ज्ञापन गर्नु भयो ।



उपकुलपतिज्यूको मन्तव्य पश्चात् रजिष्ट्रारज्यूले सहकुलपति तथा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूलाई मन्तव्य राखीदिन अनुरोध गर्नुभयो । माननीय सहकुलपतिज्यूले मन्तव्यको क्रममा प्रतिष्ठान नेपालकै सबैभन्दा ठुलो स्वास्थ्य विज्ञान प्रतिष्ठान भएको र यसले देशको स्वास्थ स्थिति सुधार गर्न निर्वाह गरेको भूमिका निकै महत्वपूर्ण रहेको बताउँनु भयो । प्रतिष्ठानको गरिमालाई अझ उचाईमा पुऱ्याउन सबै सरोकारवालाहरुले थुप्रै कार्यहरु गर्न जरुरी रहेको बताउँदै यसलाई समय सापेक्ष प्रविधि उपलब्ध गराउन, अझ बढी स्वास्थ्य जनशक्ति उत्पादन गर्ने वातावरण मिलाउन, उपचार सेवा अझ व्यवस्थित गर्न ढटेर कार्य गर्नुको विकल्प नरहेको वहाँले औंल्याउनु भयो । प्रतिष्ठानको आर्थिक अवस्था सुधारका लागि नीतिगत छलफल तथा निर्णयको आवश्यकता रहेको बारे वहाँले प्रधानमन्त्रीज्यूलाई ध्यानाकर्षण समेत गराउनु भयो ।



नेपालको स्वास्थ्य नीति बलियो बनाउन दीक्षित भएका विद्यार्थीहरुबाट पनि योगदानको अपेक्षा गरेको वहाँले आफ्नो मन्तव्यमा बताउनु भयो । नेपाल सरकारको विद्यालय नर्स कार्यक्रम ल्याउने योजना भए बमोजिम त्यसका लागि आवश्यक जनशक्ति देशमा पर्याप्त नहुने भएको हुँदा त्यसका लागि स्वदेशमै दक्ष जनशक्ति उत्पादन गर्ने तर्फ नेपाल सरकार उदार रुपले लाग्नुपर्ने आवश्यकता बारे वहाँले औंल्याउनु भयो ।

विश्वमै बढिरहेको स्वास्थ्य सम्बन्धी चुनौतीहरुलाई मध्यनजर गर्दा आउँदो दिनहरुमा उपचारात्मक प्रणालीलाई मात्र नभएर निरोधात्मक प्रणालीलाई समेत महत्व दिई कार्य गर्नुपर्ने आवश्यकता महशुस गरी सो का लागि नेपाल सरकार गंभिर रुपमा लागेको जानकारी दिनु भयो । देशकै सबैभन्दा ठुलो भनि

चिनिएको यस प्रतिष्ठानमा MRI जस्तो अति आवश्यक उपकरण नहुनु दुःखद रहेको र यस्तो अवस्था अब लामो समयसम्म रहिरहन नदिने समेत मन्त्रीज्यूले प्रतिबद्धता ब्यक्त गर्नुभयो । यस अस्पताललाई नेपालकै गौरवको अस्पताल बनाउनका निमित्त वहाँले नेपाल सरकारसँग अनुरोध समेत गर्नुभयो । आफ्नो मन्तव्यको अन्त्यमा वहाँले दीक्षित हुने विद्यार्थीहरुलाई अन्त कतै नगई स्वदेशमै बसेर राष्ट्रको स्वास्थ्य अवस्थालाई सुदृढ गर्न अनुरोध गर्दै आफ्नो मन्तव्य टुंग्याउनु भयो ।




मन्तव्यको क्रम पश्चात् प्रतिष्ठानका शिक्षाध्यक्षज्यू प्रा.डा. संजिब कुमार शर्माज्यूले दीक्षान्त समारोह आरम्भ गर्न स्विकृतिका लागि सम्माननीय कुलपति समक्ष मञ्चबाट निवेदन गरेसँगै सो का लागि कुलपतिज्यूले स्वीकृति प्रदान गर्नु भयो ।

तत्पश्चात शिक्षाध्यक्षज्यूले कुलपतिज्यू समक्ष स्विकृतिका लागि ग्रेसलिष्ट प्रस्तुत गर्नुभयो र कुलपतिज्यूले सो स्विक[त गर्दै ग्रेसलिष्टमा दस्तखत गर्नुभयो । ग्रेसलिष्टको स्विकृति पश्चात् कुलपतिज्यूले मञ्चबाट "बि.सं. २०८१ साल आश्विन ९ गते तदनुसार सन् २०२४ सेप्टेम्बर २५ सम्ममा उत्तीर्ण भएका एम.डी./ एम.एस., एम.डी.एस., एम.एस्सी. नर्सिङ्ग, एम.पि.एच., एम.बि.बि.एस., बि.डि.एस., बि.एस्सी. नर्सिङ्ग र बि.एस्सी. एम.आई.टी.का सबै विद्यार्थीहरु उपस्थित गराइयून्" भनि आव्हान गर्नुभयो र उपस्थित सम्पूर्ण विद्यार्थीहरु आ आफ्नो स्थानमा उभिएर उपस्थिति जनाएका थिए ।

त्यस लगत्तै कुलपतिज्यूले विद्यार्थीहरूलाई प्रतिज्ञा गराउनु भयो । सो क्रममा कुलपतिज्यूले "सिफारिस गरिए बमोजिम तपाईंहरुलाई आज उपाधि प्रदान गरिएमा के तपाईंहरु प्राथमिकदेखि उच्च स्तरसम्म गुणात्मक स्वास्थ्य सेवा उपलब्ध गराउँदै समाजमा सद्भाव फैलाउन तथा ग्रामीण क्षेत्रमा समेत बसोबास गर्ने व्यक्ति र समुदायको आवश्यकतालाई पूर्ति गर्न धान्न सकिने एकीकृत स्वास्थ्य सेवा प्रणालीको नमूना जनशक्तिको रुपमा स्थापित हुने प्रतिज्ञा गर्नुहुन्छ" भनि प्रश्न गर्नुभयो । प्रत्येक विद्यार्थीले एक साथ **"म प्रतिज्ञा गर्छु"** भन्नुभयो । सम्पूर्ण विद्यार्थीको एकसाथको ध्वनीले दीक्षान्त समारोह स्थल गुञ्जायमान भएको थियो ।



कुलपतिज्यूले "तपाईंहरुलाई प्रदान गरिने उपाधिको नाताले के तपाईंहरु आफूले पूरा गर्नुपर्ने आफ्ना पेशासँग सम्बन्धित कर्तव्यहरु इमान्दारी र होसियारीसाथ पालना गर्दै आफ्नो दैनिक जीवन र यस प्रतिष्ठानको गरिमालाई सुहाउने गरी ब्यवहार गर्ने र सदैब स्वच्छता र प्रतिष्ठा कायम गरी आफ्नो ज्ञानलाई उचित दिशातिर लगाएर त्यसको उच्च प्रयोगको बाटोतर्फ निरन्तर लागी स्वास्थ्य विज्ञानको परिवर्तनको बाहकको रुपमा कार्य गर्ने प्रतिज्ञा गर्नुहुन्छ" भनि पुनः दोश्रो पतिज्ञाको लागि प्रश्न गर्नु भयो । प्रत्येक विद्यार्थीले पुनः एक साथ **"म प्रतिज्ञा गर्छु"** भन्नुभयो । सम्पूर्ण विद्यार्थीको एकसाथको ध्वनीले दीक्षान्त समारोह स्थल पुनः गुञ्जायमान भएको थियो ।



विद्यार्थीहरुको उपरोक्त प्रतिज्ञापछि विद्यार्थीहरुलाई सम्बोधन गर्दै सम्माननीय कुलपतिले "प्रिय विद्यार्थीहरु, तपाईंहरुले भर्खरै प्रतिज्ञा गर्नु भए अनुसार आफ्नो सच्चरित्रता र कर्तव्य परायणताले सुयोग्य नागरिक बन्नु हुनेछ भन्ने बिश्वास गर्दै तपाईंहरुलाई वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ र वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ बाट प्राप्त अधिकारहरु प्रयोग गरी सम्बन्धित योग्यताको उपाधि–पत्र प्रदान गर्दछु तथा आफ्नो उपाधिको चिन्ह स्वरुप प्रदान गरिएका पोशाक लगाउने अधिकार दिन्छु र यस समारोहमा अनुपस्थित समुत्तीर्ण विद्यार्थीहरुलाई समेत यसै अनुरुपको अधिकार प्रदान गर्दछु ।" भनि दीक्षा वाक्य वाचन गर्नुभयो ।

विद्यार्थीहरुको प्रतिज्ञा तथा कुलपतिज्यूको दीक्षा वाक्यको वाचन पश्चात् विभिन्न विधामा उत्कृष्ट अंक ल्याई उत्तीर्ण हुने विद्यार्थीहरुलाई स्वर्ण पदक तथा पुरस्कार प्रदान गर्न शिक्षाध्यक्षज्यूले मञ्चबाट कुलपतिज्यूलाई निवेदन गर्दै तदनुरुपका सम्बन्धित विद्यार्थीलाई उपस्थित गराउनका निमित्त अनुमति माग्नु भयो । कुलपतिज्यूको अनुमति पश्चात् कुलपतिज्यू, सहकुलपतिज्यू तथा उपकुलपतिज्यूबाट पुरस्कार तथा पदक प्रदान गर्ने कार्यक्रम शुरु भयो ।



शिक्षाध्यज्यूले मञ्चबाट पदक प्राप्त गर्ने विद्यार्थीहरुको नाम उद्घोष गर्नुभए अनुरुप प्रारम्भमा उपकुलपति स्वर्ण पदक (एम.बि.बि.एस. कार्यक्रम अन्तर्गत समष्टिमा उच्चतम अंक ल्याउने विद्यार्थीलाई प्रदान गरिने पदक) प्रदान गरियो । जसमा अनोज शाही ( एम.बि.बि.एस. २०१० व्याच), रक्षा भट्टराई (एम.बि.बि.एस. २०११ व्याच), स्नेहा ढकाल (एम.बि.बि.एस. २०१२ व्याच), सतिश बास्तोला (एम.बि.बि.एस. २०१३ व्याच), सरोज मण्डल (एम.बि.बि.एस. २०१४ व्याच), निमेश लागेजु (एम.बि.बि.एस. २०१५ व्याच), अश्विनी गुप्ता (एम.बि.बि.एस. २०१६ व्याच), बेद प्रकाश पन्त (एम.बि.बि.एस. २०१७ व्याच) ले उक्त पदक प्राप्त गर्नु भएको थियो ।

त्यसैगरी बि.डि.एस. तर्फ कनिस्टिका झा (बि.डि.एस. २०१० व्याच), पायोज चौधरी (बि.डि.एस. २०११ व्याच), सिद्धार्थ राई (बि.डि.एस. २०१२ व्याच), एलिशा तुलाधर (बि.डि.एस. २०१३ व्याच), सुशान्त पाण्डे (बि.डि.एस. २०१४ व्याच), पप्पु सिंह (बि.डि.एस. २०१५ व्याच), निकिता काफ्ले ( बि.डि.एस. २०१६ व्याच), आस्था आमगाई (बि.डि.एस. २०१७ व्याच) ले उक्त पदक प्राप्त गर्नु भएको थियो ।

बि.एस्सी. नर्सिङ्ग तर्फ भने वर्षा लाभ ( बि.एस्सी. नर्सिङ्ग २०१२ व्याच), सरस्वती ढकाल (बि.एस्सी. नर्सिङ्ग २०१३ व्याच), ममता कौंचा (बि.एस्सी. नर्सिङ्ग २०१४ व्याच), निकिता ढकाल (बि.एस्सी. नर्सिङ्ग २०१५ व्याच), यूनिका गौतम (बि.एस्सी. नर्सिङ्ग २०१६ व्याच), प्रशंशा कार्की ( बि.एस्सी. नर्सिङ्ग २०१७ व्याच), साधना गिरी (बि.एस्सी. नर्सिङ्ग २०१८ व्याच) ले उक्त पदक प्राप्त गर्नु भएको थियो ।

अर्को विधामा नारायण गोविन्द स्वर्ण पदक (एम.बि.बि.एस. कार्यक्रम अन्तर्गत समष्टिमा उच्चतम अंक ल्याउने छात्रालाई प्रदान गरिने पदक) गरिमा पुडासैनी (एम.बि.बि.एस. २०१० व्याच), रक्षा भट्टराई (एम.बि.बि.एस. २०११ व्याच), स्नेहा ढकाल (एम.बि.बि.एस. २०१२ व्याच), ममता बिष्ट ( एम.बि.बि.एस. २०१३ व्याच), श्रीया सिरोहिया (एम.बि.बि.एस. २०१४ व्याच) सन्ध्या रेग्मी (एम.बि.बि.एस. २०१५ व्याच), अश्विनी गुप्ता (एम.बि.बि.एस. २०१६ व्याच), रश्मी अर्याल ( एम.बि.बि.एस. २०१७ व्याच) ले पदक प्राप्त गर्नु भएको थियो ।

तेश्रो विधामा डा. अवध नारायण स्मृति पुरस्कार (एम.बि.बि.एस. कार्यक्रम अन्तर्गत सर्जरी विषयमा उच्चतम अंक ल्याउने विद्यार्थीलाई प्रदान गरिने पुरस्कार) प्रदान गरिएको थियो जसमा मोहित सिंह बस्नेत (एम.बि.बि.एस. २०१० व्याच), रक्षा भट्टराई ( एम.बि.बि.एस. २०११ व्याच), स्वतन्त्र गौतम (एम.बि.बि.एस. २०१२ व्याच), भरोशा भट्टराई (एम.बि.बि.एस. २०१३ व्याच), रोहित डागा (एम.बि.बि.एस. २०१४ व्याच), आशिष भण्डारी ( एम.बि.बि.एस. २०१५ व्याच), अर्पण कट्वाल (एम.बि.बि.एस. २०१६ व्याच), हर्षित अग्रवाल (एम.बि.बि.एस. २०१७ व्याच) ले पदक प्राप्त गर्नु भएको थिए ।

त्यसैगरी चौथौ विधा अनुसारको श्री हरिमान-उमा देवी स्वर्ण पदक ( बि.डि.एस. कार्यक्रम अन्तर्गत कन्जरभेटिभ डेन्टिस्ट्रि तथा इण्डोडोन्टिक्स विषयमा उच्चतम अंक ल्याउने विद्यार्थीलाई प्रदान गरिने पुरस्कार) गर्ने विद्यार्थीहरुमा बेन्जु श्रेष्ठ ( बि.डि.एस. २०१० व्याच), आश्मा ओझा (बि.डि.एस. २०११ व्याच), सिद्धार्थ राई ( बि.डि.एस. २०१२ व्याच) अस्मिता गुरुङ्ग (बि.डि.एस. २०१३ व्याच), सुशान्त पाण्डे (बि.डि.एस. २०१४ व्याच), पप्पु सिंह (बि.डि.एस. २०१५ व्याच) निकिता काफ्ले (बि.डि.एस. २०१६ व्याच), विवेक कट्टेल (बि.डि.एस. २०१७ व्याच) हुनुहुन्थ्यो ।



तत्पश्चात् रजिष्ट्रारज्यूले सम्माननीय कुलपति समक्ष सम्बोधनका लागि अनुरोध गर्नुभयो । सम्माननीय कुलपतिज्यूले आफ्नो सम्बोधनको प्रारम्भमा दीक्षान्त समारोह विद्यार्थीहरुले आर्जन गरेको सफलता मनाउने दिवस मात्र नभई वहाँहरुको अभिभावकहरुको योगदानको पनि कदर गर्ने दिन हो भन्दै आगामी दिनमा उज्ज्वल भविष्यका लागि शुभकामना व्यक्त गर्नु भएको थियो । वहाँले दीक्षित विद्यार्थीहरुलाई सधैं अरुले गरेको अनुसन्धान र सिपको मात्र अनुशरण गरिरहने मात्र नभई अब उप्रान्त आफुले स्वयम् अनुसन्धान एवम् नयाँ सिपको विकास गर्नुपर्ने हुन्छ भन्ने धारणा राख्नु भएको थियो । इमान्दार भएर पढेकै कारण त्यहाँ उपस्थित विद्यार्थीहरुले आज यो सफलता पाएको र आगामी दिनमा पनि इमान्दार भएर काम गर्नेछन् भनि आशा लिएको बताउँदै बिरामीको उपचार गर्दा संलग्न

चिकित्सकमा बिरामी प्रति आत्मियता एवम् मानवताको भाव हुनु अत्यन्त जरुरी रहेको वहाँले बताउनु भयो ।

यस भुभागमै 'शिक्षा भगवान शिवले शुरु गरेको मान्यता भएको र तपाइहरु विद्वान पुर्खाका सन्तान भएको' भन्दै दीक्षित विद्यार्थीहरुलाई कुलपतिज्यूले प्रोत्साहित गर्नुभएको थियो । 'यस प्रतिष्ठानका विभिन्न उपलब्धी र समस्याहरु उपकुलपतिज्यूले ब्याख्या गरिसकेको र सरकारका नीति र प्रतिष्ठानलाई अझ राम्रो बनाउन गर्न खोजेको कुरा माननीय सहकुलपतिले राखि सकेकोले नेपाल सरकार यसमा सशक्त रुपले लाग्ने' भनि आश्वासन दिनुभयो ।




बाहिरका एजेन्टलाई बोलाएर झिलिमिलीयुक्त शैक्षिक मेला लगाएर स्वदेशकै विद्यार्थीहरुलाई बाहिर गएर शिक्षा लिन लगाउनु भन्दा स्वदेशकै यस्ता प्रतिष्ठानलाई अधिकतम क्षमतामा विद्यार्थी कोटाको अनुमति दिनुपर्ने धारणा रहेको बताउनु भयो । आफुले बुझे अनुसार यस प्रतिष्ठानलाई गर्नुपर्ने कुरामा यथाशिघ्र आफु लागिपर्ने बताउँदै अन्त्यमा 'दीक्षित विद्यार्थीले अझ नयाँ नयाँ सफलता आर्जन गर्ने विश्वास लिएको' भन्दै आफ्नो सम्बोधन टुंग्याउनु भएको थियो ।

आफ्नो सम्बोधन पश्चात् समयाभावका कारणले प्रधानमन्त्रीज्यूले आफ्नो दायित्व सहकुलपतिज्यूलाई सुँम्पदै उपस्थित सम्पूर्णसँग विदा मागी दीक्षान्त मण्डपबाट बाहिरिनु भएको थियो भने उपकुलपतिज्यूले प्रधानमन्त्रीज्यूलाई समारोह स्थल बाहिरसम्म पुऱ्याई विदाई गर्नुभएको थियो ।







समारोहलाई अगाडी बढाउने क्रममा दीक्षान्त समारोहमा उपाधि पाउने विद्यार्थीहरुलाई शिक्षाध्यक्षज्यूबाट मन्चबाट नाम उद्घोष गर्दै क्रमश: मण्डपमा दीक्षित गर्ने कार्य प्रारम्भ गरियो । दीक्षित हुने विद्यार्थीको संख्या अधिक भएकोले समयमै कार्यक्रम समापन गर्न कठिन हुने महशुस गरी एक पटकमा चार जनाको नाम बोलाई दीक्षान्त मण्डपको चार स्थानबाट दीक्षित गर्ने व्यवस्था गरिएको थियो । जस अनुरुप पहिलो स्थानबाट उपकुलपतिज्यू, दोश्रो स्थानबाट राष्ट्रिय योजना आयोगका सदस्य तथा प्रतिष्ठानका सञ्चालक परिषद् सदस्य माननीय प्रा.डा. आर.पी. बिच्छाज्यूबाट, तेश्रो स्थानबाट प्रमुख अतिथिज्यूबाट तथा चौथो स्थानबाट माननीय सहकुलपतिज्यूबाट विद्यार्थीहरुलाई उपाधि प्रदान गरिइएको थियो ।

उपाधि प्रदान गर्ने कार्यक्रम पश्चात रजिष्ट्रारज्यूले शिक्षाध्यक्षज्यूलाई प्रमुख अतिथिको परिचय दिन अनुरोध गरे अनुरुप शिक्षाध्यक्षज्यूले मञ्चबाट उपस्थित सम्पूर्णलाई प्रमुख अतिथिज्यूको शैक्षिक योग्यता, वहाँले सम्हाल्नु भएको पद तथा जिम्मेवारीहरु, वहाँको व्यक्तिगत विवरण आदिको बारेमा परिचय दिनुभयो ।



उक्त परिचयको कार्यक्रम पश्चात् रजिष्ट्रारज्यूले प्रमुख अतिथिज्यू समक्ष दीक्षान्त भाषणका लागि अनुरोध गर्नुभयो । प्रमुख अतिथिज्यूले दीक्षान्त भाषणमा बताउनु भए अनुसार दीक्षान्त दिवस गुरुको गृह बसाइको अन्तिम दिन, यो कारणले पनि महत्वपूर्ण छ की, त्यही दिन त्यहाँबाट विद्या आर्जन गर्ने विद्यार्थीहरु, आफुले आर्जन गरेको सिप, विद्या, ज्ञान, बिरामीको उपचार एवम् समाज कल्याणका लागि प्रयोग गर्ने, वाचा पनि लिन्छन् । पौराणीक कालको महाभारतमा धर्मराजले युधिष्ठिरलाई "बिरामी परेको मान्छेको असल मित्र को हो?" भनि प्रश्न गर्दा युधिष्ठिरले "सो बिरामीलाई उपचार गर्ने चिकित्सक नै उसको असल मित्र हो" भनि जवाफ दिएको प्रसंगलाई जोड्दै यसबाट चिकित्सक बिरामी बीचको सम्बन्धको मर्यादा यस्तै राख्न सम्पूर्ण दीक्षित विद्यार्थीहरुलाई अनुरोध गर्नुभएको थियो ।

नेपाल - भारत सम्बन्धको उत्कृष्ट नमूनाको रुपमा रहेको यो प्रतिष्ठानले अति दक्ष स्वास्थ्य जनशक्ति उत्पादन गर्दै आएकोमा कुनै दुई मत नभएको समेत वहाँले बताउनु भएको थियो । दीक्षित विद्यार्थीहरुमा अनुसन्धानको महत्व व्याख्या गरी यसले देशकै आर्थिक उत्थानमा टेवा पुऱ्याउने बताउँदै अन्त्यमा नेपाल - भारत सम्बन्ध अझ बलियो होस् भनी वहाँले आफ्नो सम्भाषण टुंग्याउनु भएको थियो ।



प्रमुख अतिथिज्यूको संभाषण पश्चात् उपकुलपतिज्यूले वहाँलाई उपहार स्वरुप मायाको चिनो प्रदान गर्नु भएको थियो ।

तत्पश्चात् रजिष्ट्रारज्यूले सहकुलपति समक्ष दीक्षान्त समारोह समापनका लागि अनुरोध गर्नुभयो । माननीय सहकुलपतिज्यूले "आज उपाधि पाएका सबै व्यक्तिहरुलाई बधाई ज्ञापन गर्दै आजको यो दीक्षान्त समारोहको समापन गर्दछु" भन्दै कार्यक्रम समापन गर्नुभएको थियो ।



मानननीय सहकुलपतिज्यूको आज्ञा अनुसार दीक्षान्त मण्डपको कार्यक्रम समाप्ती पश्चात् दीक्षान्त प्रोसेशन निर्धारित क्रम अनुसार ग्रेस हल फर्किएर बिसर्जित भएको थियो ।

## पृष्ठभूमी......

दीक्षान्त समारोह आयोजना गर्न पदाधिकारीज्यू बीच छलफल भई २०८१ श्रावण २० गते सम्माननीय प्रधानमन्त्री एवम् कुलपतिका साथै माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री एवम् सहकुलपतिको कार्यलयमा स्विकृतिका लागि पत्राचार गरिएको थियो । तदनुरुप प्रधानमन्त्री कार्यलयबाट २०८१ कार्तिक २६ गते दीक्षान्त समारोह सम्पन्न गर्ने निर्णय भई २०८१ श्रावण २८ गते प्रतिष्ठानमा पत्र प्राप्त भएको थियो । पत्र प्राप्त भए पश्चात् उपकुलपतिज्यूले २०८१ श्रावण ३१ गते ५९ सदस्यीय १३औं दीक्षान्त समारोह मूल समिति गठन गर्नु भएको थियो । उपकुलपतिज्यूको अध्यक्षता तथा शिक्षाध्यक्षज्यूको उपाध्यक्षतामा गठित उक्त मूल समितिसँगको छलफल पश्चात् उपकुलपतिज्यूले ८ वटा उपसमिति गठन गर्नु भएको थियो । जस अनुसार Publication and Information Sub-committee को Convenor मा प्रा.डा. धनरत्न शाक्य, Medal Management Sub-committee को Convenor मा प्रा.डा. रबिन भण्डारी, Program Management Sub-committee को Convenor मा प्रा.डा. अनुप घिमिरे, Welcome and Reception Management Sub-committee को Convenor मा प्रा.डा. माधव लम्साल, Dress/Gown Management Sub-committee मा प्रा.डा. रत्ना बराल, Refreshment Management Sub-committee को Convener मा प्रा.डा. स्मृती कार्की, Venue Management Sub-committee को Convenor मा प्रा.डा. बन्दना कोइराला र Accommodation/Transportation Management Sub-committee को Convenor मा प्रा.डा. राम शरण मेहता हुनुहुन्थ्यो ।

## संचालक परिषद्को ४६औं सभा सम्पन्न

१३औं दीक्षान्त समारोहमा प्रस्तुत हुने ग्रेष्टलिष्टको अनुमोदनको मुल एजेण्डा राखी प्रतिष्ठानको सिनेट हलमा २०८१ कार्तिक २५ गते प्रतिष्ठानको संचालक परिषद्को ४६औं सभा सम्पन्न भएको थियो । माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री एवम् सहकुलपति प्रदीप पौडेलज्यूको अध्यक्षतमा बसेको उक्त बैठकमा राष्ट्रिय योजना आयोजका सदस्य माननीय प्रा.डा. आर.पि. बिच्छाज्यू, काठमाण्डौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापाज्यू, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्रा.डा. दिलिप सुब्बाज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोशन पोखरेलज्यू, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अध्यक्ष प्रा.डा. गेहनाथ बरालज्यू, नेपाल मेडिकल काउन्सिलका अध्यक्ष प्रा.डा. चोपलाल भुषालज्यू, स्वास्थ्य वैज्ञानिकद्वय प्रा.डा. शिवलाल शर्मा खनालज्यू तथा डा. ज्ञानेन्द्रमान सिंह कार्कीज्यूका साथै प्रतिष्ठित उद्योगपति श्री परशुराम बस्नेतज्यूको उपस्थिति रहेको थियो । त्यसैगरी प्रतिष्ठानका उपकुलपति डा. ज्ञानेन्द्र गिरीज्यू, शिक्षाध्यक्ष प्रा.डा. संजिब कुमार शर्माज्यू, रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू, अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यू, प्रतिष्ठानका शिक्षकद्वय प्रा.डा. निलाम्बर झाज्यू तथा प्रा.डा. नारायणराज भट्टराईज्यूको उपस्थिती रहेको थियो ।

उक्त सभामा शिक्षक कल्याण समाजका अध्यक्ष डा.सेराज अहमद खान, कर्मचारी कल्याण समाजकी अध्यक्ष श्री कविता ढकाल तथा विद्यार्थी कल्याण समाजका अध्यक्ष श्री नवराज कुमार देव आमन्त्रित महानुभावका रुपमा उपस्थित हुनुहुन्थ्यो ।

***

## स्वर्ण पदक विजेता विद्यार्थीहरुका केहि तस्विरहरु

























## स्वर्ण पदक विजेता विद्यार्थीहरुका केहि तस्विरहरु












## उपस्थित हुन नसकेका स्वर्ण पदक विजेता विद्यार्थीहरुका अभिभावकहरुका तस्विरहरु




# १३औं दीक्षान्त समारोहका केहि झलकहरु





































